# नगरपरिषद् निर्णय

**निर्णय नं १**

लेकवेशी नगरपलिकाको मिति २०७४ साल अषाढ २८ गते बसेको नगरपालिका बोर्डको बार्डले सिफारिस गरेका तपसिलमा उल्लेखितज ऐन विनियमावलीहरुलाई स्वीकृत गरि लागु गर्ने निर्णय गरियो ।

- विवियोजित ऐन २००७४
- आर्थिक ऐन २००७४
- नगरपालिका कार्यविभाजन नियमावली २००७४
- जनप्रतिनिधिको आचार संहिता २००७४
- स्थानिय तहको सेवा संचालन कार्याविधि २००७४

**निर्णय नं २**

यस नगरपालिका नगर भवन निर्माण मापदण्ड बनाई कार्यान्यन गर्न निर्णय गरियो ।

**निर्णय नं ३**

लेकवेशी नगरपालिका राजस्व परामर्श समितिले सिफारिस गरेको कर,शुल्क,दस्तुरहरु मिति २००७४ साल साउन १ गते देखि लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

लेकवेशी नगरपालिका पहिलो नगरसभाको मिति २००७४।०३। ३० को सिफारिस अनुसार मिति २०७५ साल १ गते देखि एकीकृत सम्पत्ति करलाई लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

यस लेकवेशी नगरपालिका भित्र सञ्चालन हुने विकास निर्माण आयोजनहरुमा स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार विनियोजित बजेटको कुल ३ प्रतिशत हुन आउने आयोजना व्यवस्थापन खर्च र ५ प्रतिशतले हुन आउने पूर्वधार मर्मत संभार कोष वापत रकम कट्टी गर्ने र उक्त पूर्वधार मर्मत विशेष

कोषको रकम पूर्वधारहरुमा मर्मत गदै जाने र आयोजना व्यवस्थापन खर्चलाई आयोजना तथा कार्यक्रमिक रुपमा खर्च गर्ने नगरपालिकाका कार्यालयलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं ६

यस लेकवेशी नगरपालिकामा कार्यरत रहेका कर्मचारीहरु सहयोगी श्री कल्पना ताराम, टिकाराम आचार्य  वडा सचिव तेज बहादुर रोकाय लाई पुरस्कृत गर्ने निर्णय गरियो । निजहरुलाई पुरस्कृत वापत जनही ५ हजारका दरले पुरस्कृत गर्ने निर्णय गरियो ।

## निर्णय नं ७

यस लेकवेशी नगरपालिकालाई व्यवस्थित बनाउन गुरुयोजनाको आवस्यकता रहेको हुँदा गुरुयोजना तयार गर्न आवश्यक बजेट विनयोजित भइसकेकोले र प्राविधिक सहयोग उपलब्ध गराई दिन सि.डी मुन र समाज जागरण केन्द्र स्याक सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं ८

यस नगरपालिकाद्रारा आ.व २००७२।०७३ सालमा संचालन भई सम्पन्न भएका बमोजिमका योजना तथा कार्यतक्रमको जाँचपास तथा फोरफारकलाई यस नगरसभामा पेश भइ छलफल भएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं ९

यस नगरपालिकाको चालु आ.व ०७३।०७४ को खरिद योजना तथा कार्यसंचालन तालिका नगरपरिषद्मा पेश भइ छलफल भयो । खरिद योजना तथा कार्यसंचालन तालिका अनुसार भावि दिनमा नगरपालिकाले आफ्नो क्रियाकलापहरु अघि बढाउन निर्देशन दिने तथा आ.व ०७४।०७५ को खरिद योजना निर्माण गर्न नगरपालिकालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं १०

यस नगरपालिकामा हाल जारि भएको नागरिक वडापत्रमा आवश्यक संशोधन गरि पुन जारि गर्न नगरपालिकालाई जिम्मेवारी प्रदान गरियो ।

**निर्णय नं ११**

यस नगरपालिका कार्यालयमा आगामि आ.व ०७५।०७६ देखि प्रोदभावि प्रणाली लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

यस नगरपालिकाका कार्यालयमा विभिन्न मितिमा बसेको नाम बैठकका निर्णय, नगरपालिकाद्वारा गठित समिति उप समितिका बैठकका निर्णयहरुलाई अनुमोदन गेर्ने निर्णय गरियो । साथै यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई आवश्यक प्रोत्सनहन भत्ता लगायतका अन्य सबै सेवा सुविधा उपलब्ध गराउन आवश्यक भए जिम्मेवारी, उत्तरदायित्व, कार्यभार र औचित्य, आन्तरिक आम्दानी र जनशित्तिको अवस्था हेरी बजेटको परीधिभित्र रही उपलब्ध गराउन सम्पूर्ण अधिकार नगरपालिका बोर्डलाई दिने निर्णय गरियो ।

**निर्णय नं १३**

यस नगरपालिका अन्तर्गतका साविकका गाविसहरुको आ.व २०७२।०७३ सालको अन्तिम लेखा परिक्षणको प्रतिवेदन यस बैठकमा पेश भइ छलफल गरियो । उक्त प्रतिवेदनमा दिएका सुझावहरुको अनुशरण गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

यस नगरपालिका कार्यालमा र वडा कार्यालयहरुमा कार्यरत करार र दैनिक ज्यालादारि तर्फका कचर्मचारीहरुको म्याद सम्झौता अनुसार अनुमोदन गरियो । यस कार्यालय र वडा कार्यालयमा कार्यालय सरसफई लगायतका प्राविधिक कामका लागि करार सेवाबाट आवश्यक जनशक्ति प्राप्त गर्न नगरपालिका कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो र करारनामा आवश्यकता अनुसार प्रचलित कानुन बमोजिम गर्न निर्णय गरियो ।

**निर्णय नं १५**

यस नगरपालिकाको यस आ.व २०७३।०७४ को तलवी प्रतिवेदन स्वीकृति गर्ने निर्णय गरियो ।

**निर्णय नं १६**

यस नगरपालिकामा कार्यरत स्थानिय निकाय तर्फका कर्मचारीहरुलाई समेत दैनिक भ्रमण भत्ता परिमार्जित भ्रमण खर्च नियमावली अनुसार र तलब भत्ता नेपाल सकरकारका कर्मचारीहरुको अनुसार नै आ.व २०७४।०७५ बाट प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १७**

यस नगरपालिकामा बालमैत्रि स्थानिय शासान तथा वातावरण मैत्रि स्थानिय शासान कार्यक्रम लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं १८**

यस आ.व मा नेपाल सरकार प्रदेश सरकार र स्थानिय विकास मन्त्रालय तथा अन्य निकायबाट नगरपालिकामा बजेट प्राप्त भएमा सो बाँडफाँड गर्ने अख्तियार नगरकार्यपालिकालाई दिने निर्णय गरियो ।

**निर्णय नं १९**

यस नगरक्षेत्र भित्र रहेका जग्गहरुको कित्ताकाट सम्बन्धमा मिति २०७४ साल साउन १ गते उप्रान्त ६ मिटर भन्दा कम मोहडा भएका जग्गाहरुको कित्ताकाट नगरिदिनु हुन नापीकार्यालय सुर्खेत र नापी कार्यालय मेहलकुनालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं २०**

यस लेकवेशी नगरपालिका भित्रका कुनै पनि विकास निर्माण योजनाहरुको लागत इस्टीमेट (Estimate) तयार गर्दा सुर्खेत जिल्लाको दर-रेट (Rate Analysis) लाई आधार मानि जिल्ला समन्वय समितिको कार्यालय सुर्खेतले तयार गरेको अगामी वर्ष २०७४।०७५ को Analysis दर-रेट अनुसार काम गर्ने तथा स्थानिय दर-रेट राख्न पर्ने भएमा दर-रेट राख्नु पर्ने अधिकार नगरपालिकालाई दिने निर्णय गरियो ।

**निर्णय नं २१**

यस नगरपालिकाको भवन निर्माण मापदण्ड सम्बन्धमा यस नगरपालिकाको पहिलो नगर सभा नगर भन्दा अगाडी निर्माण भएका भवनहरुको सम्बन्धमा तपसिल बमोजिमको मापदण्ड लागु हुने र अव निर्माण हुने भवनहरुको सन्दर्भमा पहिलो नगरसभाको निति तथा संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको मिति

२०७३।०६।१३ गते देखि लागु भएको वस्ती विकास मापदण्ड, भवन ऐन, राष्ट्रिय भवन निर्माण आचारसंहिता २०६४, अनुसार भवन निर्माण गर्ने नगरवाशिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**मिति २०७४।०३।३० गते भन्दा अगाडी निर्माण भएका भवन तथा संरचनाका लागी पालना गर्न पर्ने मापदण्ड**

- तिन तला (११ मिटर) भन्दा कम उचाई भएको
- सडक ऐन अनुसारण गरेको तथा सार्वजनिक वा सहकारी जग्गा अतिक्रमण नगरेको
- ६ मिटर भन्दा बढि चौडाईको सडकमा बनेका घरहरु
- सेडा व्याक नछोडी निर्माण गरिएका घरहरुको हकमा सडक ऐन लागु हुँदा स्वम घरधनि जिम्मेवार हुने गरि नियमित दर्ता प्रकृयाका लागि नस्सापास गर्ने ।
- पिहलो नगरसभा सम्पन्न भन्दा पूर्व कित्ताकाट भएका जमिन वाहेक सो भन्दा पछाडि घर बनाउदा जमिनको मोहडा न्यूनतम ६ मिटर हुनु पर्ने ।
- आधारभुत निर्माण मापदण्ड लागु हुनु भन्दा पूर्व निर्माण भएका घरहरुलाई प्राविधिक प्रतिवेदन सहित निवेदन दिएमा स्थानिय स्थानिय निकायले प्रकृया पुर्याइ नक्सापास गर्ने ।
- पछिलो नगरसभा भन्दा पछि नगरपालिकाको अनुमानित नलिई हुने भवनमा कुल राजस्वको थप पच्चिस प्रतिशत जिरवाना लाग्नेछ ।
- पहिलो नगरसभा सम्पन्न हुन भन्दापछि ६ महिना सम्म सबै नगरवासीले अनिवार्य रुपमा आफ्ना भवनहरुको नक्का पास गरिसक्नु पर्नेछ । ६ महिना सम्म नक्सा पास प्रक्रियामा नआउने घरधनिलाई थप २५ प्रतिशत (म्याद गुजारे पछि नक्सा पास गर्न) जरिवाना हुनेछ ।

निर्णय नं २२

यस नगरपालिकामा रहेका विभिन्न वडाहरुको लागि संचार महसुल मासिक रु १००० विविध खर्च वापत मार्सिक रु ४००० र भाडा अधिकत्म रु ६००० दिने निर्णय गरियो ।

निर्णय नं २३

यस नगरक्षेत्र भित्र रहेका सामुदायिक तथा सहकारी वन क्षेत्रबाट निकासि हुने काठपातलाई नगरक्षेत्र बाहिर निकासि हुनबाट रोक लगाउने निर्णय गरियो ।

निर्णय नं २४ (राजस्व शिर्षक)

## निर्णय नं २५

यस नगरपालिकामा बसोबास गर्ने नगरवासिहरुको जनस्वास्थ्य प्रवद्धन गर्न तपसिलका क्रियाकलापहरु सञ्चालन गर्न निर्णय गरियो ।

- रेविज नियन्त्रण कार्यक्रम
- Post-Pdf सम्बन्धि क्रियाकलाप
- HIV नियन्त्रण सम्बन्धि क्रियाकलाप
- फोहरमैला व्यस्थापन सम्बन्धि क्रियाकलाप

## निर्णय नं २६

यस नगरक्षेत्र जलवायु परिवर्तन न्यूनिकरण गर्न तपसिल बमोजिम अनुकुलन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

- धुवाँ रहित चुल्हो निर्माण अभियान
- सार्वजनिक जग्गा वृक्षारोपण कार्यक्रम
- प्लाष्टिक झोला र सिसा नियन्त्रण अभियान
- कम्पोष्ट मल र जैविक प्रविधिबाट रोग किरा नियन्त्रण कार्यक्रम

## निर्णय नं २७

यस नगरक्षेत्रको फोहोरमैला व्यवस्थित रुपमा विर्सजन गर्न साविकको दशरथपुरको वन कार्यालय निजकको जंगल क्षेत्रलाई तोक्न निर्णय गरियो र बाँकि क्षेत्रको लागि पाईक पर्ने स्थानमा फोहोरको वर्गिकरणका आधारमा फोहोर विर्सजन केन्द्र तोक्न निर्णय गरियो ।

## निर्णय नं २८

यस नगरपालिकाको कर्मचारी कल्याणकोष सञ्चालन सम्बन्धि निर्देशका २०७२ स्विकृत भई २०७२।०८।०३ गते देखि  पुर्ण रुपमा लागु गर्ने निर्णय गरियो ।

## निर्णय नं २९

संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयले यस नगरपालिकाका उपलब्ध गराएको दरबन्दि विवरणलाई हुकहु स्विकृत गर्न निर्णय गरियो र यस नगरपालिकाका लागि आर्किटेक्चरल ईन्जिनियरको दरबन्दी विवरण थप गर्न मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं ३०

यस नगरपालिकामा अव निर्माण हुने सडकहरुको न्यूनतम मापदण्ड पहाडी इलकामा ६ मिटर र अन्य क्षेत्रमा ८ मिटर हुनु पर्ने र बाँकि सडकहरु सडक ऐन अनुसार हुने निर्णय गरियो ।

## निर्णय नं ३१

यस नगरपालिकामा आ.व २०७४।०७५ सालमा संचाललित पूँजीगत योजनाहरुबाट प्राप्त हुने कन्टेन्जेन्सि रकमबाट नगरपालिकामा विभिन्न वडाहरुमा क्रियासिल मेलमिलाप केन्द्रहरुलाई वार्षिक ६००००। साठि हजार कार्यक्रम खर्चे शिर्षकबाट दिने निर्णय गरियो ।

## निर्णय नं ३२

यस नगरपालिका ग्वलोवल एक्सन नेपालले बैनिशिक्षामा लागि दिदि कार्यक्रम संचालन गर्नको अनुमति दिने निर्णय गरियो ।

## निर्णय नं ३३

यस नगरपालिका वडा नं ७ मा रेहेको लवना गोलखाल्टा सात्तले नेटा जोड्ने सडक र साविक नेटा माथिल्लो भिरगाँउ सिरानि वेस्तडा कृषि सडक र वडा नं ६ को कल्पनाचोक रानागाँउ सडकलाई अब नगरपालिकामा प्राप्त हुने वा वचत हुने जुनसुकै श्रोतबाट पनि योजना संचालन गर्न पहिलो प्राथामिकतामा राख्ने निर्णय गरियो ।

## निर्णय नं ३४

यस नगरपालिकामा हाल सम्म एउटा पिन अस्पताल नरहेकाले नगरपालिका वडा नं ४ मा दशरतपुर प्राथामिक स्वास्थ्य उपचार केन्द्र रहेको र उक्त प्राथिमिक स्वास्थ्य केन्द्रलाई ५० सैयाको अस्पतालको रुपमा विकास गरि दिनहुन नेपाल सरकार स्वास्थ्य मन्त्रालय सँग अनुरोध गर्ने निर्णय गरियो र यस प्राथमिक स्वास्थ्य केन्द्रमा दुई जना एम वि वि एस डाक्टर साथै प्राथमिक स्वास्थ्य केन्द्रका लागि आवश्यक पर्ने जनशक्तिका लागि चाहिने आवश्यक एक्सरे मेशिन थान एक लगायतका स्वास्थ्य सम्बन्धि आधुनिक उपकरण नभएकोले उल्लेखित उपकरणहरु उपलब्ध गराईदिनुहुन नेपाल सरकार स्वास्थय मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णन नं ३५

यो नगरपालिका भौगोलिक रुपमा रहेका सबै वडाहरुमा सडकको पहुँच रहेको तर एक वडा बाट अर्को वडामा हिडेर जान समेत मुस्किल रहेकोले एक थान कार्यालय प्रयोजनका लागि सवारी साधन उपलब्ध गराई दिनुहुन संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय सँग अनुरोध गर्ने र यस कार्यालयका लागि दमकल थान १ र दशरतपुर प्राथामिक स्वास्थ्य केन्द्रका लागि एम्बुलेन्स उपलब्ध गराइदिनुहुन भारतीय राजदुतावास सँग अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं ३६

यस नगरपालिमा तपसिलमा उल्लेखित पदमधाकारीहरु रहने गरि योजना अनुगमन तथा मुल्यांकन सहित गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगरकार्यपलिकाका सदस्य मध्ये ३ जना | सदस्य |
| योजना र प्राविधिक शाखा प्रमुख ११ जना | सदस्य |
| उद्योग वाणिज्य संघ भेरीको प्रतिनिधि १ जना | सदस्य |
| कार्यपालिका कार्यकारी अधिकृत १ जना | सदस्य |

## निर्णय नं ३७

यस नगरपालिकामा निर्माणधिन सभा हाल र नगर प्रमुखको भवनको निर्माण कार्य आ.व २०७३।०७४ सालमा निर्माण सम्पन्न हुन नसेकेकोमा उक्त भवनको हुन बाँकि रकम प्राविधिक मुल्याङ्कन अनुसार अवबाट अल्या भएको पूँजिगत रकमबाट भुक्तानी दिन नगरपालिकालाई जिम्मा दिने निर्णय गरियो ।

## निर्णय नं ३८

यस नगरपालिकामा हालसम्म क्रसर र श. मिल लगातयतका अत्याआवश्यक उद्ययोगहरु नभएका कारण निर्माण सामाग्रीहरु अभाव हुने र निर्माण कार्य महंगो हुने भएकाले उपयुक्त स्थानहरुमा प्रचलित कानुन बमोजिमको प्रतिकुल नहुने गरि क्रसर उद्ययोग स्थापना गर्न निजि क्षेत्रलाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं ३९

यस नगरपालिकालाई नमुना नगरपालिका बनाउन सहयोग गर्न सबै महानुभावहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

## निर्णय नं ४०

यस नगरपालिकामा आन्तरिक लेखा परिक्षण शाखा गठन गर्ने निर्णय गरियो अर्को व्यवस्था नभएसम्मका लागि आन्तरिक लेखा परिक्षण शाखा प्रमुखमा प्रशासन शाखा प्रमुखलाई नै जिम्मेवारी दिने निर्णय गरियो ।

# धन्यवाद